# आकाशवाणी समाचार- नेपाली

मितिः १८ नोभेम्बर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

१. प्रधानमन्त्री नरेन्द्र मोदी र नाइजेरियाका राष्ट्रपति बोला अहमद टिनुबुमाझ  दुई देशबीचको रणनीतिक साझेदारीको समीक्षा गर्नुका साथै आपसी सम्बन्ध अभिवृद्धि गर्ने विषयमा वार्ता भएको छ।

२. प्रधानमन्त्री नरेन्द्र मोदी आज ब्राजिलको रियो दि जेनेरियोमा हुने G20 शिखर सम्मेलनमा सहभागी हुनु हुनेछ। यस अवसरमा प्रधानमन्त्रीले विश्व नेताहरूसँग छुट्टाछुट्टै भेटघाट गर्ने अपेक्षा गरिएको छ।

३. वायु गुणस्तर व्यवस्थापन आयोगले दिल्लीमा ग्रेड-४, ग्रेडेड एक्शन रेस्पोन्स प्लानको चौथो चरण लागू गर्ने निर्णय गरेको छ।

४. जी–२० को १९औँ शिखर सम्मेलन आजदेखि ब्राजिलको रियो दि जेनेरियोमा हुँदैछ।

५. झारखण्डमा विधानसभा चुनावको प्रचार प्रसार चरम सीमामा छ।

## प्रधानमन्त्रीको नाइजेरिया भ्रमण

प्रधानमन्त्री नरेन्द्र मोदी र नाइजेरियाका राष्ट्रपति बोला अहमद टिनुबुले हिजो अबुजाको राष्ट्रपति भवनमा वार्ता गर्नु भएको छ। दुई नेताले दुई देशबीचको रणनीतिक साझेदारीको समीक्षा गर्नुका साथै आपसी सम्बन्ध अभिवृद्धि गर्ने विषयमा छलफल गर्नुभएको थियो। दुई नेताबीच सीमित भेटघाटपछि प्रतिनिधिमण्डल स्तरीय वार्ता भएको थियो। प्रधानमन्त्रीले यी छलफललाई रचनात्मक भन्नु भएको छ। रणनीतिक साझेदारीलाई गति दिने विषयमा छलफल भएको प्रधानमन्त्रीले बताउनु भएको छ। श्री मोदीले रक्षा, ऊर्जा, प्रविधि, व्यापार, स्वास्थ्य, शिक्षा र अन्य क्षेत्रमा सम्बन्धलाई अझ अगाडि बढाउने अपार सम्भावना रहेको बताउनु भयो।

राष्ट्रपति टिनुबुसँग प्रतिनिधिमण्डलस्तरीय वार्तामा आफ्ना विचारहरू साझा गर्नु हुँदै प्रधानमन्त्री मोदीले भन्नु भयो, भारतले नाइजेरियासँगको रणनीतिक साझेदारीलाई उच्च प्राथमिकता दिन्छ। उहाँले रक्षा, ऊर्जा, प्रविधि, स्वास्थ्य, शिक्षा र संस्कृतिलाई भारत र नाइजेरियाबीचको सहयोगको क्षेत्रको रूपमा नामाकरण गर्नु भयो। प्रधानमन्त्रीले आतंकवाद र डकैती जस्ता चुनौतीसँग जुध्न दुवै देश मिलेर काम गरिरहेको बताउनु भयो।

**बाइट**

प्रधानमन्त्री श्री मोदीले नाइजेरियाका राष्ट्रपति टिनुबुलाई नाइजरको ग्रान्ड कमाण्डर अफ द नाइजर - GCON प्रदान गर्ने निर्णय गरेकोमा धन्यवाद दिनु भयो। श्री मोदीले भन्नु भयो,  यो उहाँको मात्र होइन, भारतका जनताको सम्मान पनि हो। उहाँले यो भारत र नाइजेरियाबीचको सदियौं पुरानो सम्बन्धको प्रमाण भएको बताउनु भयो।

**बाइट**

प्रधानमन्त्री श्री मोदीले विगत १७ वर्षमा भारतीय प्रधानमन्त्रीको यो पहिलो नाइजेरिया भ्रमण हो अहेको बताउनु भयो। उहाँले नाइजेरियाका बाढी प्रभावित क्षेत्रमा राहतका लागि भारतले २० टन सामग्री मानवीय सहायता पठाउँदै आएको बताउनु भयो। उहाँले नाइजेरियालाई ब्रिक्स साझेदार राष्ट्र बनेकोमा बधाई दिनु भयो। श्री मोदीले विश्व मञ्चमा भारत र नाइजेरियाले ग्लोबल साउथका मुद्दाहरू उठाइरहने विश्वास व्यक्त गर्नु भयो। यसअघि प्रदेशसभा पुग्दा प्रधानमन्त्रीलाई २१ तोपको सलामीसहित औपचारिक स्वागत गरिएको थियो।वार्तापछि दुई देशबीच तीनवटा समझदारी पत्रमा हस्ताक्षर भएको छ। यी सम्झौताहरू सांस्कृतिक आदान प्रदान, भन्सार सहयोग र सर्वेक्षण सहयोगसँग सम्बन्धित छन्। त्यसपछि नाइजेरियाका राष्ट्रपतिले प्रधानमन्त्री मोदीको सम्मानमा राज्य भोजको आयोजना गर्नु भएको थियो।श्री मोदीले अफ्रिकासँग घनिष्ठ सहयोग भारतको लागि उच्च प्राथमिकता रहेको र अफ्रिकामा नाइजेरियाले ठूलो र सकारात्मक भूमिका खेलेको बताउनु भयो । उहाँले भारत र नाइजेरिया दुवै देश र सम्पूर्ण अफ्रिकी महादेशको समृद्धिका लागि मिलेर काम गरिरहने विश्वास व्यक्त गर्नु भयो।नाइजेरियाको दुई दिने भ्रमणमा हिजो राति अबुजा पुगेका प्रधानमन्त्री मोदीलाई भव्य स्वागत गरिएको थियो र 'शहरको चाबी' प्रदान गरिएको थियो। यो कुञ्जी नाइजेरियाका जनताले प्रधानमन्त्रीलाई दिएको विश्वास र सम्मानको प्रतीक हो। नाइजेरियामा बसोबास गर्ने मराठी समुदायले मराठी भाषालाई शास्त्रीय भाषाको दर्जा दिएकोमा श्री मोदीलाई धन्यवाद दिएका छन्।नाइजेरियाको आफ्नो सफल भ्रमणपछि, प्रधानमन्त्री मोदी ब्राजिलको दुई दिने भ्रमणमा प्रस्थान गर्नु भयो जहाँ उहाँले ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले आयोजना गरेको G20 शिखर सम्मेलनमा भाग लिनु हुनेछ।

****** ० ******

**प्रधानमन्त्री - G20**

प्रधानमन्त्री नरेन्द्र मोदी आज ब्राजिलको रियो दि जेनेरियोमा हुने G20 शिखर सम्मेलनमा सहभागी हुनु हुनेछ। प्रधानमन्त्री मोदीले शिखर सम्मेलनको अवसरमा विश्व नेताहरूसँग छुट्टाछुट्टै भेटघाट गर्ने अपेक्षा गरिएको छ। रियो दि जेनेरियोमा दुईदिने G-20 शिखर सम्मेलनमा सहभागी हुने नेताहरूमा मोदीसँगै अमेरिकी राष्ट्रपति जो बाइडेन र चिनियाँ राष्ट्रपति सी जिनपिङ पनि छन्। प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो तीन देशको भ्रमणको दोस्रो चरणमा आज बिहान ब्राजिल पुग्नु भएको छ।भारत, ब्राजिल र दक्षिण अफ्रिकाका त्रिकुट जी–२० शिखर सम्मेलनको छलफलमा निकै सक्रिय छन्। कार्यक्रममा प्रधानमन्त्री मोदीले गत वर्ष नयाँ दिल्लीमा भएको G-20 शिखर सम्मेलनका साथै हालैका वर्षहरूमा भारतले आयोजना गरेको भ्वाइस अफ द ग्लोबल साउथ शिखर सम्मेलनमा विभिन्न वैश्विक मुद्दाहरूमा भारतको स्थिति र घोषणाको नतिजा प्रस्तुत गर्नु हुनेछ। सम्मेलनको नतिजाबारे छलफल हुनेछ। यस वर्षको G-20 शिखर सम्मेलनको नारा ‘न्यायपूर्ण विश्व र दिगो ग्रह निर्माण’ रहेको छ।

****** ० ******

**G20 - अमिताभ कान्त**

जी–२० को १९औँ शिखर सम्मेलन आजदेखि ब्राजिलको रियो दि जेनेरियोमा हुँदैछ। गत वर्ष नयाँ दिल्लीमा जारी G-20 घोषणापत्रपछि यस सम्मेलनमा जारी घोषणा पत्रमा सदस्य देशहरूबीच केही महत्त्वपूर्ण वैश्विक मुद्दाहरूमा सहमतिको सम्भावना छ। यसमा गरिबी र भोकमरी विरुद्धको पहल, डिजिटल विभाजनलाई सम्बोधन गर्ने, महिला नेतृत्वको विकास र दिगो विकास लक्ष्यहरू, असमानता र समावेशी समृद्धिलाई सम्बोधन गर्ने जस्ता मुद्दाहरू समावेश हुन सक्छन्। आकाशवाणीसँग कुरा गर्नु हुँदै १९औँ G-20 शिखर सम्मेलनमा भारतका शेर्पा

अमिताभ कान्तले आफ्नो दृष्टिकोण समावेशी रहेको र विस्तृत वार्ता अझै जारी रहेको बताउनु भयो। उहाँले भोकमरी र गरिबी उन्मूलनमा ब्राजिल नेतृत्वको विश्वव्यापी गठबन्धनको महत्त्व र प्राथमिकताको बारेमा पनि कुरा गर्नु भयो।

****** ० ******

**जम्मू कश्मीर उपराज्यपाल**

जम्मू कश्मीरका उप राज्यपाल मनोज सिन्हाले भन्नु भएको छ, सुरक्षा बलहरूको ध्यान आतंकवादी प्रणालीको पूर्ण उन्मूलनमा हुनुपर्छ। जम्मूमा एक शीर्ष स्तरीय सुरक्षा बैठकको अध्यक्षता गर्दै उपराज्यपालले भन्नु भयो, आतंकवाद र आतंकवादी प्रणालीको पूर्ण उन्मूलन जम्मू र कश्मीरको विकासको लागि एक मात्र तरिका हो। बैठकमा जम्मू-कश्मीरका विभिन्न विकास परियोजनाहरू र सुरक्षा अवस्थाको पनि समीक्षा गरियो।

****** ० ******

**हसिना प्रत्यर्पण**

बंगलादेशका प्रमुख सल्लाहकार मुहम्मद युनुसले भन्नु भएको छ, अन्तरिम सरकारले पूर्व प्रधानमन्त्री शेख हसिनाको प्रत्यर्पणको मांग गरिनेछ जो अगस्टमा उनको सरकारको पतनपछि हाल भारतमा बस्दै आएकी छन्। अन्तरिम सरकारको एक सय दिन पूरा भएको अवसरमा राष्ट्रका नाममा सम्बोधन गर्नु हुँदै मोहम्मद युनुसले आफ्नो सरकारले सबै नागरिकको सुरक्षाका लागि सक्दो प्रयास जारी राखेको बताउनु भयो। यसअघि उहाँले बंगलादेशले भारतसँग हसिना शेखको प्रत्यर्पण तत्काल माग नगर्ने बताउनु भएको थियो। ८ अगस्टमा पदभार ग्रहण गर्नु भएको श्री युनुसले हसिनाको सरकारविरुद्धको प्रदर्शनका क्रममा विद्यार्थी र मजदुरसहित लगभग १५०० जनाको ज्यान गएको र १९ हजार ९३१ जना घाइते भएको दाबी गर्नु भयो।

****** ० ******

**दिल्ली – ग्रेप**

वायु गुणस्तर व्यवस्थापन आयोगले आज बिहान ८ बजेदेखि दिल्ली र राष्ट्रिय राजधानी क्षेत्रमा ग्रेड-४, ग्रेडेड एक्शन रेस्पोन्स प्लानको चौथो चरण लागू गर्ने निर्णय गरेको छ। वायुको गुणस्तर नाजुक स्तरमा बिग्रिएपछि यो कदम चालिएको हो। यस व्यवस्था अन्तर्गत, दिल्लीमा अन्य राज्यहरूबाट भारी वाहनहरू प्रवेशमा प्रतिबन्ध लगाइनेछ। यद्यपि, अत्यावश्यक वस्तु तथा सेवा प्रदान गर्ने ट्रकलाई प्रवेश अनुमति दिइनेछ। यसबाहेक, सबै सीएनजी, इलेक्ट्रिक र बीएस-6 इन्धन ट्रकहरूलाई पनि दिल्ली प्रवेश गर्न अनुमति दिइनेछ। दिल्ली सरकारले अर्को आदेश नभएसम्म दशौ र बाह्रौ श्रेणीहरुबाहेक सबै विद्यालयहरूमा अनलाइन शिक्षा सञ्चालन गर्ने निर्णय गरेको छ।

****** ० ******

**झारखण्ड - अभियान**

झारखण्डमा विधानसभा चुनावको प्रचार प्रसार चरम सीमामा छ। राज्यमा बुधबार हुने दोस्रो तथा अन्तिम चरणको मतदानको सम्पूर्ण तयारी पूरा भएको छ। आज प्रचार प्रसारको अन्तिम दिन विभिन्न राजनीतिक दलका शीर्ष नेताहरुले मतदातालाई रिझाउन हरसम्भव प्रयास गरिरहेका छन्।

****** ० ******

**ईसीआई-कार्रवाई - भाजपा झामुमो**

निर्वाचन आयोगले झारखण्डको मुख्य निर्वाचन अधिकारीलाई आचार संहिताको कथित उल्लङ्घनको सम्बन्धमा स्पष्टीकरणसहित यसको सोशल मिडिया प्लेटफर्महरूमा पोस्ट गरिएको कथित भ्रामक भिडियो हटाउनको लागि भाजपाको झारखण्ड इकाईलाई निर्देशन दिनको लागि स्पष्टीकरणसहितको सूचना पठाएको छ । यस सम्बन्धमा, निर्वाचन आयोगले कांग्रेस र झारखण्ड मुक्ति मोर्चा - जेएमएमबाट गुनासो प्राप्त गरेको थियो जसलाई आयोगले गम्भीरतापूर्वक लियो।

****** ० ******

**बद्रीनाथ धामको ढोका बन्द**

उत्तराखण्डको चमोली जिल्लामा अवस्थित श्री बद्रीनाथ धामको ढोका हिउँदका लागि राति ९.०७ बजे बन्द गरिएको छ। बद्रीनाथ धामको द्वार बन्दको अवसरमा बद्रीनाथ मन्दिरलाई १५ क्विन्टल गाँउको फूलले सजाइएको थियो। धामको सिंहद्वार परिसरमा गढवाल स्काउट ब्यान्डको भक्तिमय धुनले पूरै बद्रीनाथ धाम गूँजियो। यसअघि चमोलीका जिलाधिकारी सन्दीप तिवारीले बद्रीनाथ धाम पुगेर मन्दिर बन्दको व्यवस्थाको जानकारी लिनु भएको थियो। जिलाधिकारीले अन्य भक्तहरू जस्तै बद्रीनाथको दर्शन गर्नु भयो।

****** ० ******

**डीडी डीजीको निधन**

भारतीय सूचना सेवाका वरिष्ठ अधिकारी तथा स्वर्गीय राष्ट्रपति डा एपीजे अब्दुल कलामका पूर्व प्रेस सचिव एसएम खानको निधन भएको छ। उहाँ ६७ वर्षको हुनुहुन्थ्यो। केही समय बिमारीपछि उनले नयाँ दिल्लीको एक निजी अस्पतालमा अन्तिम सास लिए। 1982 ब्याचका आईआईएस अधिकारी एसएम खानले डीडी न्यूजको महानिर्देशकको रूपमा पनि काम गर्नु भएको थियो।

****** ० ******